म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक २६० | बिहीबार २१ बैशाख २०८० | ने. सं. ११४३ बछलाथ्व | 4 May 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालबालिकाको हेरचाहमा ध्यान दिऔं ।**

- तीन बर्षको उमेरसम्ममा बालबालिकाको ८० प्रतिशत मस्तिष्क विकास भइसक्दछ।
- उनीहरुले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौं कोषिकाहरु चलायमान बनाउन सकिन्छ।
- बालबालिकाको सन्तुलित खाना र हेरचाहमा ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

### २५-२५ मिटर सडक विस्तार

# सिडिओ कार्यालयको बैठक : सहमतिमा चाँडो निष्कर्ष निकाल्न जोड

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ हेटौंडाको मुख्य बजार क्षेत्रको सडक दायाँबायाँ २५-२५ मिटर फराकिलो बनाउने विषय सर्वपक्षीय छलफलमा प्रवेश गरेको छ ।

विगतका वर्षदेखि रोकिएको २५-२५ मिटर सडक विस्तार कार्य गरिछाड्ने हेटौंडाकी नगर प्रमुख मिनाकुमारी लामाको अडानपछि बुधवार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बैठक बसेको थियो । मंगलबारबाट उपमहानगरले नगर क्षेत्रका अतिक्रमित संरचना हटाउन सुरु गरेसँगै बुधवारबाट सडक विस्तारको छलफल सुरु भएको हो । सडक क्षेत्रका बासिन्दासहित स्थानीय जनप्रतिनिधिको सर्वपक्षीय बैठकले सडक विस्तार कार्य निष्कर्षमा नपुगेपछि निरन्तर छलफल जारी राखेर टुंगोमा पुऱ्याउनेमा सहमति भएको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।



'बुधवारको बैठकले सडक विस्तारको विषय टुंगो लागेको छैन् । अब यस सम्बन्धमा नगर क्षेत्रका प्रभावित बासिन्दा, जनप्रतिनिधिसहित सरोकारवालाहरुसँग निरन्तर छलफल गरेर एउटा टुंगोमा पुऱ्याउने विषयमा सहमति भएको छ', उनले भने । बैठकमा हेटौंडाकी मेयर लामा, प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेसहित १, ४, ८, ९, १०, १४ र १५ नम्बर वडाका वडा अध्यक्षहरु क्रमश: सविन न्यौपाने, नवीन सिग्देल, राम थापा, सुकराम केसी, फुर्वा दोर्जे लामा, दिपक खड्का, सुनिल मोक्तान, उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा महासंघका केन्द्रीय सदस्य कृष्ण कटुवाल, मउवा संघका अध्यक्ष कृष्ण गुप्तालगायतको उपस्थिति थियो ।

बैठकमा उपमहानगरको सौन्दर्य बिग्रिएकोमा सबै चिन्तित भएका थिए । प्रभावितको पक्षबाट धारणा राखेका संघका प्रतिनिधि कटुवाल, गुप्ता र घरधनीहरुले सडक विस्तार गर्नुपरेमा मुआब्जा चाहिनेमा जोड दिएका थिए । प्रभावित क्षेत्रका बासिन्दाहरुले मुआब्जा दिए २५-२५ मिटर भत्काउन दिने र बीना मुआब्जा १६ मिटर मात्रै विस्तार गर्न दिनेमा अडिक रहेका छन् । संघका अध्यक्ष गुप्ताले सडक क्षेत्रका व्यवसायीहरु धराशायी हुने भन्दै चिन्तित देखिए । ऋण लिएका व्यवसायीहरु डुब्ने स्थिति आउने भन्दै छलफल गरेर सहमतिबाट मात्रै काम गर्न सुझाव दिए । व्यवसायीलाई पनि क्षतिपूर्ति दिनुपर्ने उनको भनाई थियो ।

लामो समयदेखि चर्चामा रहँदै सेलाउँदै गरेको पुर्वपश्चिम राजमार्ग बिस्तारका लागि पहिलो चरणको लगत संकलनमा आएका तथ्याङ्क संकलकको टोलीलाई काम गर्न नदिएको जनाइएको छ । गत पुसमा सर्वोच्च अदालतले राजमार्ग बिस्तारको बारेमा २५ गज सम्म गर्नु भन्ने आदेशपछि स्थानीय पालिका र सम्बन्धित निकायसँग समन्वय गरी लगत संकलनमा आएको टोलीलाई काम गर्न नदिएको भन्दै फर्किएपछि समस्या सृजना भएको भन्दै बिषयले प्रवेश पाएको हो । राजमार्ग बिस्तारको क्रममा हुने समस्याको बारेमा बुझ्नका लागि आएको एसियालि बिकास बैंकको टोलीलाई लगत संकलन गर्न रोकेपछि हेटौंडा बजार क्षेत्रको ठेक्का नखोल्ने चेतावनी आएसँगै बुधवार बसेको सर्वपक्षीय बैठकमा पीडितले मुआब्जा र १६ मिटर मात्रै भत्काउन आग्रह गरेका हुन् ।

बैठकमा नगर प्रमुख लामाले कानुनको पालना बिकल्प नरहेको बताइन् । उनले दुबै कामका लागि आधिकारीक लगत संकलन आवश्यक रहेको भन्दै नरोक्न आग्रह गरेकी छन् । 'हेटौंडेलीलाई गर्भबाटै सडक बिस्तारको पिडा छ । तर ठोस निर्णय नलिए हामी पछाडी पर्नेमा कुनै आशंक नगर्न सकिन्न', उनले भनिन् । एकोहोरो बनेर नहुने भन्दै लामाले सबैले अपनत्व जनाउने गरेर काम गर्न आग्रह गरेकी छन् । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले काम रोक्ने नभई मुआब्जा लिने कामको पहल थाल्न आग्रह गरे । तर, बोली फेर्दै हिड्ने काम राम्रो नहुने भन्दै ठोस काममा लाग्न अनुरोध गरे । उपमहानगरपालिकाले थोरै पेटी बनाउँ भन्दा रोक्नेले १६/१६ मिटर हामी आफैं भत्काउछौं भन्दै भ्रम नछर्न घलानको आग्रह थियो ।

बैठकमा बोल्दै उपमहा नगरका प्रवक्ता तथा १ नम्बर वडाध्यक्ष न्यौपानेले नगरकै भविष्यसँग जोडिएकोले सबैको सहमतिमा सडक विस्तार गर्नुको विकल्प नभएको बताए । पीडित पक्ष, राजनीतिक दल र सर कार पक्ष मिलेर निष्कर्ष निकाल्नुपर्ने धारणा उनको छ । निष्कर्ष नहुञ्जेल निरन्तर छलफलमा छुट्नुपर्ने न्यौपानेले बताएका छन् । मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमानअध्यक्ष तथा महासंघका केन्द्रीय सदस्य कटुवालले व्यवासायीको मागमा सहमत भए ३२ मिटर क्षेत्र भत्काउन सरकारको आवश्यकता नपर्ने र आफैंले भत्काउने बताए ।

बैठकमा नेपाली कांग्रेस मकवानपुरका सचिव भिमसेन महत, नेकपा माओवादी केन्द्र मकवानपुरका संयोजक सर्केश घलान, नेकपा (एकीकृत समाजवादी)का जिल्ला सचिव ध्रुव भुजेल, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति भरत पराजुली, सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेशकुमार यादव, मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतमलगायतको उपस्थिति थियो । बैठकमा राजमार्ग प्रभावितहरुले सडक विस्तारको क्रममा १ हजार ७ सय ६१ घरधुरी विबस्थापित हुने बताएका थिए ।

# 'प्रदेश सरकार पत्रकारितामाथि नियन्त्रण चाहँदैन'

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठले पत्रकारितामाथि प्रदेश सरकार नियन्त्रणको दृष्टिकोणबाट कहिल्यै अघि नबढ्ने बताएका छन् ।

मन्त्रालयको आयोजनामा विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा बुधबार भएको अर्न्तक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले प्रदेश सरकारले पत्रकारितालाई स्वनियमनमा लैजान प्रोत्साहित गर्न चाहेको र नियन्त्रण गर्न नखोजेको बताएका हुन् । मन्त्री श्रेष्ठले पत्रकारको अधिकार र सञ्चार माध्यमको हितका पक्षमा उभिने आश्वासन दिए । पत्रकारिताको गुणस्तरिय विकासमा प्रदेश सरकारले आफ्नो तर्फबाट योगदान गर्ने प्रतिबद्धता उनले व्यक्त गरेका हुन् । 'भविष्यको अधिकार सुनिश्चितता: मानव अधिकारको संवाहक अभिव्यक्ति स्वतन्त्रता' भन्ने नाराका साथ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर संसारभरका नागरिकले बुधबार प्रेस स्वतन्त्रता दिवस मनाइएको छ ।

नेपालको संविधान २०७२ को मर्म र भावना अनि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको उद्देश्य अनुरुप प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका लागि आवश्यक काम गर्ने उनको भनाई छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्राण रहेको उनले बताए । '१०४ वर्षे राणा शासन, तीस वर्षीय निरंकुश पञ्चायत, राजाको प्रत्यक्ष शासन भोगेका तपाई हामीले अभिव्यक्ति स्वतन्त्रताको महत्व राम्रैसँग बुझेका छौं,' उनले भनेका छन् । उनले स्वतन्त्रताको उपभोग गर्दा अरुको आत्मसम्मानलाई ख्याल गर्दै स्वतन्त्रता अराजकता होइन भन्ने मान्यतामा हामी विश्वस्त रहनुपर्नेमा जोड दिए ।

नेपालको इतिहासमा पहिलो पटक बागमती प्रदेशले बनाएको प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ बमोजिम प्रदेशमा सञ्चार रजिष्ट्रारको कार्यालय स्थापना भई सञ्चार माध्यम र पत्रकारको हित प्रवर्द्धन हुने गरी कार्यक्रम सञ्चालन भइरहेको दाबी मन्त्री श्रेष्ठको छ । कार्यक्रममा सहभागी पत्रकारहरुले सञ्चार रजिष्ट्रार कार्यालयबाट जथाभावी प्रेस पास वितरणमा नियन्त्रण गर्नुपर्ने बताएका छन् । प्रदेश सरकारले दलगत संगनठनलाई दिइने रकमको खारेजीको मागसमेत पत्रकारहरुले गरेका छन् । सरकारले पत्रकारहरुको वृद्धि विकासमा खर्च गर्न नसकेको भन्दै आगामी बजेटमा सञ्चार क्षेत्रलाई आवश्यक बजेट बिनियोजन गर्न माग गरिएको छ ।

Hetauda School of Management and Social Sciences

**हार्दिक बधाई तथा शुभकामना!**

एसीसी प्रिमियर कपको फाइनल खेलमा जित निकाल्दै एसिया कपका लागि छनोट भएकोमा **नेपाली क्रिकेट टिम**लाई हार्दिक बधाई तथा आगामी खेलहरुको लागि शुभकामना!




"कडा अनुशासन, स्तरीय शिक्षा"

पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरुलाई खुसीको खबर !**

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे



सम्पर्क:
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बहुउपयोगी चिउरी संरक्षण आवश्यक

बहुउपयोगी वनस्पति चिउरी संरक्षणमा डिभिजन वन कार्यालय राप्ती मकवानपुर लागेको छ । मौनवत्ती, साबुन, क्रिम, जुस र विभिन्न कस्मेटिक सामग्री बनाउन समेत प्रयोगमा आउने चिउरी वनस्पति लोप हुने खतरा बढेपछि वन कार्यालयले चिउरी संरक्षण अभियान थाल्नु सहा्नीय छ । चेपाङ समुदायको सँस्कृतिसंग जोडिएको चिउरीको पातबाट टपरी, घाँस, घीउ निकाल्दा बाँकी रहेको पिना अत्यन्तै उपयोगी रुपमा प्रयोग गर्न सकिन्छ । चिउरीको फल मानिसका लागि खानाको रुपमा समेत प्रयोग गरिँदै आएको छ । चिउरी रैथाने वनस्पति हो । चिउरी वृक्षलाई मकवानपुरका आदिवासी चेपाङले आफ्नो संस्कृतिसँग जोडेका छन् । चेपाङ समुदायमा छोरीको विवाह गर्दा चिउरीको बिरुवा दाइजो दिने संस्कृति छ । चिउरीबाट व्यावसायिक लाभ लिने जमर्को भने दाङ, सल्यान, प्यूठान, रुकुम, रोल्पा, जाजरकोट र सुर्खेतका पहाडमा भएको देखिन्छ ।

जथाभावी चिउरीको रुख काट्दा मौरीको आहारा र घ्यू उत्पादनमा कमी आएको छ । चिउरीको बिजुलाबाट निकालिने घ्यू चिउरीको कटानसँगै उत्पादनमा कमी आएको हो । जिल्लाका अधिकांश सामुदायिक वनमा पाइने चिउरी वन दैनिक काट्दा समस्य भएको हो । घर निर्माणका लागि काठ, पशुचौपायलाई घाँस र वृक्षरोपण नगर्दा चिउरी बिरुवा कम हुँदै आएको हो । मौरीको मुख्य आहाराको रुपमा रहेको चिउरीको फूल रुख कटानसँगै लोप हुँदै गइरहेको छ । मह उत्पादनको लागि नाम कमाउँदै आएको मकवानपुरको पश्चिमी क्षेत्रमा चिउरी वनस्पति यसरी नै घट्दै जाने हो भने मौरीपालक किसान मर्कामा पर्ने पक्का छ । पाँच वर्षअघि जताततै पाइने चिउरीका रुख अहिले कम हुँदै गएका छन् । चिउरीको अभावमा मौरीको मुख्य आहारा समस्यामा परेको प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना मौरी जोन विभागले जनाएको छ ।

भदौ-असोजमा पात झरेर वसन्तमा पालुवा फेर्दै लटरम्म फुल्नेफल्ने चिउरीबाट वाइन, जुस, साबुन, घीउ, क्रिम, जाम र महदेखि प्राङ्गारिक मल तथा विषादीसम्म उत्पादन गर्न सकिने हुँदा यसको संरक्षण गरेर व्यावसायिक उपत्पादनमा जोड दिनुपर्ने आवश्यकता छ । जङ्गलमा झर्दै, खेर जाँदै गरेको चिउरीको बिजुला बटुलेर राम्रो आम्दानी गर्न सकिने हुँदा यसको संरक्षणमा वन कार्यालयले गरेको पहलमा साथ दिएर वन जङ्गलबाट काठदाउरा मात्र नभई अन्य आम्दानी पनि गर्न सक्नु पर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २२ गते शुक्रबार ५ मे २०२३ । पूर्णिमा, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:३८ । बुद्ध जयन्ती । उँभौली पर्व । चण्डी पूर्णिमा । पुर्णिमा व्रत । कूर्म जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दाम्पत्य जीवन सुखद बन्नेछ | तुला | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| वृष | : आम्दानी राम्रो हुनेछ | वृश्चिक | : यात्रामा खर्च बढ्नेछ |
| मिथुन | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | धनु | : मौकाको फाइदा लिन सकिनेछ |
| कर्कट | : प्रेमको बन्धन कसिन सक्नेछ | मकर | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| सिंह | : चुनौतीहरु देखा पर्न सक्नेछ | कुम्भ | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| कन्या | : व्यवसायमा सामान्य फाइदा हुनेछ | मीन | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# 'न्याय'को नाममा 'अन्याय' भोग्दै संक्रमणकालीन न्याय



✍ खिमलाल देवकोटा

शान्ति सम्झौतामा हस्ताक्षर गर्दा ६ महिनाभित्र हल गर्ने भनिएको नेपाली संक्रमणकालीन न्याय आफैं अन्यायको चपेटामा परेको छ । आजभन्दा १६ वर्ष पहिला शान्ति सम्झौतामा हस्ताक्षर गर्दा नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए । दरबार हत्याकाण्डपछि राजगद्दीमा उक्लिएका ज्ञानेन्द्र राजाको भूमिकामा थिए । संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नान थिए भने भारतमा कंग्रेस आईको एकछत्र राज थियो ।

यता राजाको निरंकुशताले हद नाघेका कारण दलहरू सडकमा उत्रिएका थिए । कोही घरमै नजरबन्दमा थिए भने कोही बन्दीगृहको हावा खाँदै थिए । बचेखुचेका नेताहरू कोही प्रवास पुगे त कोही रोल्पा ।

'लौ न ज्ञानेन्द्रको निरंकुशताले सीमा नाघ्यो, अब त केही नगरी भएन, अलि ठूला ठूला सैन्य आक्रमण पनि जारी राख्न पर्‍यो, शहरी आन्दोलनका लागि हाम्रो ताकत पुगेन, तपाईंहरूले गाउँ-गाउँबाट जनशक्ति पठाइदिन पर्‍यो', रोल्पा पुगेर यसरी माओवादी गुहारिएको थियो ।

नागरिक समाज त्यतिबेला राजा र माओवादीका बीचमा हैन, संसदवादी दल र माओवादीबीचमा मध्यस्थता गर्ने जमर्को गर्दै थियो । उनीहरूको प्रस्ताव थियो कि माओवादी जनवादी गणतन्त्रभन्दा एक स्टेप तल झरोस् र संसदवादी दलहरू राजतन्त्रलाई छोडेर लोकतान्त्रिक गणतन्त्रमा उक्लिउन् । पछिल्लो चरण 'माओवादी हतियार बोक्न छोड, संसदवादीहरू राजा बोक्न छोड' भन्ने हदसम्म पहलकदमी लिने काम गरेका थिए ।

तर अहिले हिजोको त्यो प्रगतिशील चेत बोकेको नागरिक समाज अस्तित्वमा छैन । लौ न आक्रमण बढाउन पर्‍यो भन्ने दल र तिनका नेता नेतृत्व अहिले देखिने गरी अस्तित्वमा छैनन् । उता अन्तर्राष्ट्रिय जगतमा 'शान्तिको चासो बोकेका कोफी अन्नान जस्ता महासचिव पनि छैनन् । न चुस्त-दुरुस्त फलामे अनुशासन बोकेको एक ढिक्का क्रान्तिकारी माओवादी नै छ ।

तर आज निरंकुश राजतन्त्र छैन, त्यो ठाउँ गणतन्त्रले लिएको छ । आज एकात्मक र केन्द्रीकृत शासन छैन, त्यसको ठाउँमा संघीय शासन प्रणाली छ । हिजो हिन्दु अधिराज्य थियो अन्य धर्मका मानिसहरू आफ्नो आस्था र विश्वास बमोजिमको धार्मिक स्वतन्त्रताको अभ्यास गर्न प्रतिबन्धित थिए । हिजो असमावेशी राज्यको पराकाष्ठा थियो, आज कम्तीमा एक तिहाइ महिला संसदमा र ४० प्रतिशत महिला स्थानीय सरकार हाँक्ने अवस्थामा छन् ।

राज्यको जीवनमा एकैपटक संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी समानुपातिकताका आधारहरू खडा भएका छन् । ती आधार संस्थागत गर्ने संविधान जननिर्वाचित संविधानसभाबाट बनेको छ । सोही संविधान बमोजिम दुई-दुई पटक निर्वाचन सम्पन्न भइसकेको छ । सामाजिक रूपान्तरणका हिसाबले नेपाली समाजले काँचुली नै फेरेको छ । राजनैतिक रूपमा एक्काइसौं शताब्दीको उन्नत लोकतन्त्र र वैयक्तिक स्वतन्त्रताको अभ्यास गर्न नेपाल सक्षम रहेको छ ।

यतिका उन्नति र प्रगतिका बावजुद विगत १६ वर्षदेखि प्रतिबद्धता व्यक्त गरिएको संक्रमणकालीन न्यायको मामला हल भएको छैन । बारम्बार त्यो वस्तु अन्यायको चरमोत्कर्षमा पिरोलिएको छ । सत्य निरुपण तथा मेलमिलाप आयोगहरू यतिबेला अस्तित्वमा छैनन् ।

सर्वोच्च अदालतको आदेश बमोजिमको कानुन संशोधन पटक-पटक धकेलिँदैछ । यसपटक पनि यो कानुन संशोधनको प्रक्रिया अवरुद्ध भएको छ । सरकारको पहिलो प्राथमिकतामा रहेको यो कानुन यसपटक पनि पारित नभई संसदको विधेयक अधिवेशन अन्त्य भएको छ । यसरी हेर्दा सबैले न्याय पाउने यही संक्रमणकालीन न्यायले नै अन्याय भोग्न बाध्य हुने र न्याय नपाउने अवस्था सिर्जना भएको छ ।

जतिबेला युद्धविराम सम्झौता भयो, तत्काल सरकारले सत्यनिरुपण तथा मेलमिलाप एवं बेपत्ता आयोग गठन गर्‍यो तर दुर्भाग्य नै भन्नुपर्छ सर्वोच्च अदालतले भन्यो, 'खबरदार संसदबाट कानुन बनाएर मात्रै गर !' कानुनी राजको भारी बोकेको राज्य त्यो प्रक्रिया थाती राख्न बाध्य भयो । आयोग गठन गरेर मानिसहरू नियुक्त भइसक्दा पनि शपथ खान नपाएका कारणले त्यो काम अघि बढेन । संक्रमणकालीन न्यायमाथिको पहिलो अन्यायको शृंखला यहींबाट आरम्भ भयो ।

संविधानसभाको चुनावपछि माओवादी सर्वाधिक ठूलो पार्टी बनेसँगै कतिपय शक्तिकेन्द्रहरूको टाउको दुख्यो र माओवादीलाई सत्ता सुम्पने हो भने अन्तरिम संविधानमा रहेको सहमतीय मोडेल संशोधन गर्नुपर्ने माग उठ्न थाल्यो । सहमतिमा नभए दुई तिहाइ बहुमतमा मात्रै सरकार बन्ने र सो सरकारलाई ढाल्न पनि दुई तिहाइ मत नै चाहिने संवैधानिक व्यवस्था रहेसम्म माओवादीलाई सरकारबाट ओराल्नै नसकिने निष्कर्ष सहित यसो गरिएको थियो । माओवादीलाई पनि सर्वाधिक ठूलो पार्टी भएकोले एक पटक सत्तामा जानु नै थियो, संविधान संशोधन गर्न सहमत भयो ।

दुनियाँले कल्पनै गर्न नसकिने हदसम्मका मामला हल गरेर नोबेल पुरस्कारबाट विभूषित भएका छन् । तर तिनका तुलनामा हाम्रो मामला बल्झिने र बल्झाउन सकिने प्रकृतिको छैन । विषयलाई बल्झाउने वा जटिल बनाउने कि हिजोका गल्ती सच्याउँदै यसलाई सुल्झाउने र सरल बनाउने भन्ने अभिभारा अब नेपाली राजनीति, नागरिक समाज र बौद्धिक जमात समेतका काँधमा आइपरेको छ

सहमतीय मोडेल भत्काएर बहुमतीय मोडेलमा मुलुक धकेलियो तब अस्थिरताको आरम्भ भयो । संविधान बन्न समेत सकेन । वर्ष दिनको औसत भन्दा कम अवधिमा सरकार परिवर्तन भइरहे । यही अस्थिर सरकारको जगमा संक्रमणकालीन न्यायले अन्याय भोग्न बाध्य भयो ।

माओवादी नेतृत्वको पहिलो सरकारले संक्रमणकालीन न्याय समाधान गर्न अध्यादेश जारी गर्‍यो । तर उक्त सरकार ढालेर सत्तारोहण गरेको माधवकुमार नेपालको सरकारले सो अध्यादेश संसदमा पेश समेत गरेन । अन्तत: सो अध्यादेश संवैधानिक व्यवस्था बमोजिम नै ६० दिनपछि स्वत: निष्क्रिय बन्न पुग्यो । यसपटक पनि संक्रमणकालीन न्यायको हत्या भयो, अन्यायको जाँतोमा पर्न बाध्य भयो ।

त्यसपछि पटक-पटक यो मामला हल गर्न वार्ता, संवाद र छलफल भए कानुनको मस्यौदाका चाङहरू पनि लाग्ने गरे । तर सरकारको प्राथमिकतामा पर्न सकेन । परे पनि संसदको प्राथमिकतामा कहिल्यै परेन । बरु सेना समायोजन र हतियारको व्यवस्थापन समेत भयो । शान्ति प्रक्रियाको बाँकी कामका रूपमा रहेको यो संक्रमणकालीन न्यायले नै अन्याय भोग्ने क्रम कहिल्यै अन्त्य भएन ।

संविधानसभा अदालतको आदेशबाट भंग भयो । सरकारले अर्को संविधानसभाको निर्वाचनको मिति घोषणा गर्‍यो तर कसैले पनि संविधानसभाबाट निर्वाचित सरकारले घोषणा गरेको संविधानसभाको चुनावमा जान हिम्मत गरेनन् । बरु सरकार फेर्ने कसरतमा लागे । संसदको सदस्य नभएको व्यक्ति प्रधानमन्त्री बन्न सक्ने व्यवस्था नै थिएन । संविधानसभा भंग भएपछि प्रधानमन्त्रीको उम्मेदवार हुने योग्यता पुगेको व्यक्ति नै थिएन । निर्वाचन बाहेक त्यस्तो व्यक्ति आउने नै थिएन ।

तर कहीं नभएको जात्रा हाँडी गाउँमा भने झैं वहालवाला प्रधानन्यायाधीशलाई सरकारको नेतृत्व सुम्पन संविधानमा रहेको बाधा भन्दै बाधा-अड्काउ फुकाउने काम गरियो । यही मौकामा सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने सम्बन्धी कानुन अध्यादेशका रूपमा आउन बाध्य भयो । सत्ता सुम्पने हो भने यो अध्यादेश आउन जरूरी छ भनेपछि सत्ताका लोभले भए पनि अध्यादेश आयो । आयोगहरू गठन पनि भए । अदालतले पनि सुरुमा अन्तरिम आदेश जारी गर्न आवश्यक ठानेन । पुन: अर्को चरणमा प्रवेश गरेपछि मात्र अदालतले सो कानुनका केही महत्वपूर्ण व्यवस्थाहरू खारेज गर्ने आदेश गर्‍यो । अदालतको उक्त आदेशपछि काम गरिरहेका आयोगहरू निकम्मा भए । अर्को अन्यायको शृखंला आरम्भ भयो ।

अदालतको आदेशका बारेमा टीकाटिप्पणी पनि भए । तत्कालै सरकारले सो आदेशको पुनरावलोकन गर्ने निवेदन पनि दर्ता गर्‍यो । तर त्यसपछिका सरकारहरू अदालतको आदेश बमोजिम कानुन संशोधन गर्ने काम पनि थाल्ने अदालतमा विचाराधीन रहेको पुनरावलोकनको निवेदनको पनि आशा गर्ने काम एकैपटक गरिरहे । यहींबाट पुन: संक्रमणकालीन न्यायमाथि अर्को अन्यायको शृंखला अघि बढेको थियो । एकाएक चोलेन्द्र कालमा सो निवेदनलाई खारेज गरेर अर्को अन्याय अदालतबाटै भयो ।

अब कानुन संशोधन बाहेक अर्को विकल्प रहेन । यो काम अघि बढ्दै थियो सरकार फेरियो । तब त्यो प्रक्रियाले पनि अर्को मोड लियो । फेरि अर्को सरकारको पालामा यो विधेयक संसदमा दर्तासम्म गरियो, पारित गरिएन । निर्वाचनको घोषणाका कारणले समय अभाव देखाउँदै संसदीय समितिमा अनावश्यक समय लिएका कारणले त्यो विधेयक स्वत: निष्क्रिय भयो । फेरि अर्कोपटक संसदीय समितिबाटै संक्रमणकालीन न्यायमाथि अर्को अन्याय भयो ।

निर्वाचनपछिको सरकारको पहिलो प्राथमिकतामा परेर दर्ता भएको सो विधेयक फेरि पनि अधिवेशन अन्त्य गर्ने दिनसम्म थाती राखेर अधिवेशन अन्त्य गरियो । विधेयक फेरि पनि पारित गर्ने चासो रहेन । संसदीय प्रक्रियाबाट अर्को पटक अन्यायको शृंखला थपिएको छ ।

उता अन्तर्राष्ट्रिय साझेदारहरू यो मामला व्यावसायिक खेती गर्ने माध्यम बनेकोमा चिन्तित देखिए । तर तिनै खेतीवालाहरू संसद र सरकारमा प्रवेश गरेर अर्को तरिकाले अलमल्याउने र संक्रमणकालीन न्यायको मामलालाई सधैंभरि कमाइखाने भाँडोका रूपमा उपयोग गरिरहने अभ्यासमा लागे ।

यसै मेसोमा एकाथरी अन्तर्राष्ट्रिय समुदाय अब त अति भो, खेती नै गर्ने हो भने पनि अर्को गर्न सकिन्छ, अब यसमा खेल्न हुँदैन भन्ने मनस्थितिमा पुगे । तर, फेरि नागरिक समाजको नाममा भिन्न ढंगले खेतीको उद्योग खोलियो, अद्यापि यो जारी छ ।

उता पीडितहरू संगठन बनाएर दबाव दिन थाले । उनीहरूले महसुस गरे कि टुटेर नसकिने रहेछ, थकाइ पनि लाग्यो अब जुटेर केही गरौं । उनीहरूले आफूहरू अरूको हतियार बनिरहेको पनि थाहा पाए । अब संक्रमणकालीन न्यायको मर्मका आधारमा यसलाई समाधान गर्न तत्पर रहेको आभास मिलेको छ । तर संसदभित्रका दलहरूबीच मतैक्यताको अभाव छ । पीडितहरू सत्यको खोजी र परिपूरणलाई प्राथमिकतामा राख्दैछन् भने अर्काथरी खेती गर्नेहरू मुद्दा चलाउने र थुन्ने अभियानलाई पुनर्जीवन दिने हरकतमा तल्लीन भएको देखिएको छ । देशी र विदेशी शक्तिहरू यसैलाई राजनैतिक हतियार बनाएर फेरि पनि स्वार्थसिद्ध गर्न सकिन्छ भने यो अवसर किन छोड्ने भन्नेतर्फ मोडिने खतरा पनि त्यतिकै छ ।

उपरोक्त पृष्ठभूमिमा अबको संक्रमणकालीन न्यायको गन्तव्य बारेमा द्वन्द्वरत पक्षहरूले निष्कर्ष निकाल्नै पर्ने भएको छ । संक्रमणकालीन न्यायका विभिन्न मोडेलमध्ये सफल मोडेलको अनुसरण गर्ने कि असफल मोडेलमा टाँसिइरहने ? द्वन्द्वरत पक्षमध्ये कसैले एकलौटी जितेको र हार्नेका विरुद्धमा सबै दोष थोपरेको मोडेल अवलम्बन गरेर अर्को अन्याय गर्ने ? कि कसैले पनि नजितेको कसैले पनि नहारेको बरु सम्झौताका माध्यमबाट शान्तिलाई निष्कर्षमा पुर्‍याएको दक्षिण अफ्रिकी मोडेल अवलम्बन गर्ने ? कि द्वन्द्वरत पक्षहरूले गरेका सबै अपराधलाई पोलिटिकल क्राइम घोषणा गर्दै माफी दिने र इन्टरनेशनल क्राइममा मात्रै अनुसन्धान गरेर टुंगोमा पुग्ने कोलम्बियन मोडेलको बारेमा अध्ययन गरी निष्कर्षमा पुग्ने ?

संसारको नमूना शान्ति प्रक्रिया, सेना समायोजन, संविधानसभाको निर्वाचन र राजनैतिक प्रक्रियाको थालनी गरेको नेपालले आफ्नै मोडेलको विकास पनि गर्न सक्छ । विश्वलाई नै नमूना शान्ति प्रक्रिया अवलम्बन गरेर बुद्धको देशबाट विश्व शान्ति सन्देश प्रवाह गर्ने अवसर पनि नेपाललाई छ । यो अवसरको सदुपयोग गरेर विश्वमा नाम कमाउने कि बल्झाएर शान्ति प्रक्रिया हल गर्न नसकेको मुलुकको पहिचान दिने ? शान्ति प्रक्रियाको बाँकी कामले निष्कर्ष भेट्न मुश्किल देखिएको छ ।

दुनियाँले कल्पनै गर्न नसकिने हदसम्मका मामला हल गरेर नोबेल पुरस्कारबाट विभूषित भएका छन् । तर तिनका तुलनामा हाम्रो मामला बल्झिने र बल्झाउन सकिने प्रकृतिको छैन । विषयलाई बल्झाउने वा जटिल बनाउने कि हिजोका गल्ती सच्याउँदै यसलाई सुल्झाउने र सरल बनाउने भन्ने अभिभारा अब नेपाली राजनीति, नागरिक समाज र बौद्धिक जमात समेतका काँधमा आइपरेको छ । इतिहासको यो आवश्यकताको बोध गरेर शान्ति प्रक्रियामा खेल्ने हैन, गाँठो खोल्ने काम गरौं । बल्झाउने हैन, सुल्झाउनमा ध्यान केन्द्रित गरौं । यसैमा सबैको हित अन्तरनिहित छ ।

*(साभार: अनलाइनखबर)*

# प्रधानन्यायाधीश नियुक्तिमा अनुचित बियाँलो

✍ निर्मला भण्डारी (गौतम)

राज्यका अंगहरूबारे एउटा भनाइ छ– कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच सर्प, बिच्छी र भ्यागुताको खेल चलिरहन्छ । नेपालको वर्तमान सन्दर्भमा यो भनाइ मेल खाएको देखिन्छ । स्वतन्त्र, निष्पक्ष, सक्षम र निर्भीक न्यायपालिका लोकतन्त्रको अपरिहार्य सर्त हो । न्यायपालिका संविधान र कानुनप्रदत्त नागरिक हक हनन वा अपहरण भएमा अपहरित हक अधिकारको स्वतन्त्र र निष्पक्ष प्रत्याभूत गर्ने मात्र नभई राज्यका अरू अंगलाई समेत 'करेक्सन' गर्ने संवैधानिक हैसियत भएको अन्तिम निकाय हो । न्यायपालिकाको स्वतन्त्रता शक्ति पृथकीकरण र सन्तुलनको विश्वव्यापी सिद्धान्तको आधारशिला हो ।

राज्यका प्रमुख तीन अंगमध्ये पनि न्यायपालिकालाई अधिक महत्त्वपूर्ण मानिन्छ । किनभने, व्यवस्थापिकाले गलत र स्वेच्छाचारी ढंगले कानुन बनाउन सक्छ, कार्यपालिकाले आृनो स्वार्थअनुकूल संविधान र कानुनविपरीत जथाभावी कार्य गर्न सक्छ । यस्तो अवस्थामा यी दुई अंगको गलत र असंवैधानिक कार्यलाई रोक्न सक्ने एक मात्र आधिकारिक निकाय न्यायपालिकै हो । यदि न्यायपालिकाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यी दुई अंगको अधीनमा रहेर काम गर्नुपर्ने अवस्था उत्पन्न भएमा कानुनी राज्य वा विधिको शासनको परिकल्पनासमेत गर्न सकिँदैन । तर, राज्यलाई निरंकुश र स्वेच्छाचारी बन्नबाट रोक्न ढाल भएर उभिने संवैधानिक हैसियत ग्रहण गरेको न्यायपालिका आज आफैं निरीह भई करिब १४ महिनादेखि नेतृत्वविहीन भएको/बनाइएको छ । व्यवस्थापिका र कार्यपालिकाको कोपभाजनमा परेर न्यायपालिका कायम मुकायम (कामु) को नेतृत्वमा चल्न बाध्य छ ।

अघिल्लो साता, सत्तापक्ष र प्रतिपक्ष नेताहरूबीच प्रधान न्यायाधीश नियुक्ति गर्ने विषयमा सहमति भएको भन्ने चर्चा सञ्चारमाध्यममार्फत सुन्नमा आए पनि संवैधानिक परिषद्को औपचारिक बैठक अझै बस्न सकेको छैन । केवल हिउँदे अधिवेशनको समयसीमा नजिकिएका कारण दलहरू भागबन्डा मिलाउन बाध्य भएकासम्म हुन्, जसलाई दलहरूले न्यायपालिकाप्रति संवेदनशील भएर काम गरेका हुन् भनेर विश्वास गर्नु हतार हुनेछ । भागबन्डाको तत्परताजस्तै संवैधानिक परिषद्को बैठक बसी प्रधान न्यायाधीश नियुक्तिको सिफारिस गरेका खण्डमा मात्रै दलहरूप्रति विश्वास गर्न सकिन्छ । विभिन्न उल्झन बनाएर परिषद्को बैठक नै नबस्नु संविधानको भावना र मर्मको उल्लंघन हो ।

संविधानको धारा २८४(३) ले प्रधान न्यायाधीश पद रिक्त हुनुभन्दा एक महिनाअगावै संवैधानिक परिषद्ले प्रधान न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्नुपर्ने व्यवस्था गरेको छ । यो संविधानको बाध्यात्मक व्यवस्था हो । तथापि २०७९ फागुन १ गते तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध महाभियोग प्रस्ताव दर्ता भएपछि न्यायाधीश दीपककुमार कार्की कामु प्रधान न्यायधीशका रूपमा ७ महिना नेतृत्वमा रहेर गत असोज १५ मा सेवानिवृत्त हुनुभयो । तत्पश्चात्, न्यायाधीश हरिकृष्ण कार्कीले कामुका रूपमा न्यायपालिकाको नेतृत्व सम्हालिरहनुभएको छ । न्यायपालिकाको स्वतन्त्रताप्रति सजग, सचेत र प्रतिबद्ध जुनसुकै लोकतान्त्रिक मुलुकमा प्रधान न्यायाधीशको पद एक दिन पनि खाली राखिँदैन । हाम्रो संविधानले समेत प्रधान न्यायाधीशबेगरको न्यायालयको परिकल्पना गरेको छैन । यसरी कामु प्रधान न्यायाधीशमार्फतै लामो समयसम्म न्यायालय चलाइनु भनेको शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तविपरीत गैरसंवैधानिक कार्य हो । मुलुकमा राजनीतिक, प्रशासनिक तथा न्यायिक निकायहरूले दुरुस्त र नियमित ढंगले कामकारबाही गर्न सकेको अवस्थामा मात्रै लोकतान्त्रिक व्यवस्था प्रभावकारी बन्न सक्छ । कार्यपालिका प्रमुख (प्रधानमन्त्री), व्यवस्थापिका प्रमुख (सभामुख) बनाउन जस्तोसुकै गठबन्धन (हर्कत) गर्न तयार राजनीतिक दलहरूले लामो समयदेखि न्यायपालिका प्रमुखविहीन हुँदा पनि थाहा नपाएको झैं अभिनय गर्नु मुलुकका लागि शुभसंकेत पक्कै होइन ।

**न्याय परिषद् तथा न्याय सेवा आयोग**

संविधानको धारा १५३(१) ले प्रधान न्यायाधीशको अध्यक्षतामा कानुन तथा न्यायमन्त्री, सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश, प्रधानमन्त्री तथा नेपाल बारको सिफारिसमा १/१ जना अधिवक्ता गरी जम्मा ५ सदस्यीय न्याय परिषद्को व्यवस्था गरेको छ । यसले न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्तगी, न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस वा परामर्श दिनेजस्ता काम कारबाही गर्दछ । प्रधान न्यायधीश नभएकै कारण मुख्यत: सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरू तथा जिल्ला अदालतका न्यायाधीश नियुक्ति प्रक्रिया रोकिएको छ । यही कारण मुलुकभरका अदालतहरूमा रहेका १ लाख २० हजारभन्दा बढी मुद्दा फर्स्योटमा प्रत्यक्ष असर परेको छ । सर्वोच्च अदालतमा मात्रै ३० हजार बढी मुद्दा विचाराधीन छन् । जम्मा २१ न्यायाधीश हुनुपर्ने सर्वोच्चमा पाँच न्यायाधीशको कमीका कारण मुद्दा फर्स्योट प्रक्रियामा कमी आएको छ । यसको प्रत्यक्ष प्रभाव वा मार आमनागरिक तथा सेवाग्राहीलाई परेको छ । यसबाट समयमा न्याय पाउनुपर्ने नागरिकको नैसर्गिक अधिकार कुण्ठित भएको छ ।

त्यस्तै, केही न्यायाधीश विभिन्न आरोपमा उजुरी परेका कारण न्याय परिषद्मा जगेडामा तानिएका छन् । यस्ता उजुरीका सन्दर्भमा तत्कालै अनुसन्धान प्रक्रिया पूरा गरेर निर्दोषलाई सफाइ दिई तुरुन्त काममा फर्काउने तथा जो न्यायाधीशहरू दोषी देखिन्छन् उनीहरूलाई अपराधको गुरुत्व (सिभिल वा क्रिमिनल ग्रयाभिटी) का आधारमा कारबाही गर्नुपर्नेमा सो कामसमेत अघि बढ्न सकेको छैन ।

यस्तै, प्रधान न्यायाधीशकै अध्यक्षतामा गठन हुने न्याय सेवा आयोगले गति लिन नसक्दा न्याय सेवाको राजपत्रांकित पदमा नियुक्ति, सरुवा, बढुवा तथा विभागीय कारबाहीको सिफारिसलगायतको काम कारबाहीमा असर परेको छ । यसर्थ, प्रधान न्यायाधीशको अभावमा न्यायपालिका मात्र नभई सिंगो राज्यले समस्या झेल्न बाध्य भएको छ । नेपाल बार एसोसिएसनले वैशाख १७ आइतबार देखि ८ बुँदे मागसहित पहिलो चरणको एकहप्ते आन्दोलन थालेको छ ।

*(साभार: ई-कान्तिपुर)*




**विशाल कलशयात्रा:** हेटौंडामा बुधबार पञ्चवर्षीय विराट् महायज्ञ सुरु हुनुअघि नगर क्षेत्रमा कैलश यात्रामा सहभागी महिलाहरु । 'महायज्ञको प्रभाव: सामाजिक सद्भाव' भन्ने मूल नाराका साथ राप्तीतटमा सुरु महायज्ञलाई भव्य बनाइने भएको छ । करिब २५ हजार जना महिलाको संख्यामा बुधवार बिहान बृहत् शान्ति शोभा कलशयात्रा भएको छ । एउटै सारी र धोती लगाएका महिलाहरुले शिरमा (टाउका) तामाको कलश राखेर हेटौंडा नगर परिक्रमा गरेका थिए । २५ हजार महिलालाई एकैनासका सारी र धोती वितरण गरिएको महायज्ञ मूल आयोजक समितिका संयोजक अजेयराज सुमार्गीले जानकारी दिए । कलशयात्रामा हेटौंडासहित मकवानपुरगढी, मनहरी, बकैया, भीमफेदीका महिलाहरु सहभागी भएका थिए । महायज्ञमा महाआरती एवं महिलाबीच गीता वाचन प्रतियोगिता पनि हुनेछ । *तस्बिर: साझाकुरा*

# मकवानपुरको फुटबल टोलीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ सिरहामा भएको छैठौं गोलबजार मेयर गोल्डकप नकआउट फुटबल प्रतियोगिताको उपाधि बिजेता मकवानपुर-११ का खेलाडीलाई सम्मान गरिएको छ ।



मकवानपुर-११ ले सलहेश युवा क्लब, सिराहालाई १७ वैशाखमा भएको फाइनल खेलमा ३-० गोल अन्तरले पराजित गर्दै उपाधि जितेको थियो । मकवानपुर-११ टिम तयार भएको छोटो समयमै उपाधि जित्न सफल भएका खेलाडीहरुलाई बुधवार नगद ११ हजार ११ रुपैयाँसहित सम्मान गरिएको हो । सामाजिक विकास मन्त्रालयमा भएको सम्मान कार्यक्रममा सामाजिक बिकासमन्त्री कुमारी मुक्तानले मकवानपुरको नाम राख्ने काम गरेका सम्पुर्ण खेलाडी एवम अफिसियललाई बधाई दिएकी छन् ।

मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष एवम अखिल नेपाल फुटबल संघ एन्फाका केन्द्रीय सदस्य टिका लामाले मकवानपुरका खेलाडीहरुले पछिल्लो समय मोफसलको प्रतियोगितामा स्थानीय खेलाडीले राम्रो प्रर्दशन गरेको भन्दै प्रशंसा गरे । जिल्ला फुटबल संघले मकवानपुरको युवा टिमलाई संरक्षण गर्ने बताएका छन् । कार्यक्रममा बागमती प्रदेश खेलकुद परिषदका सदस्य माधव तिमल्सिना, मकवानपुर जिल्ला फुटबल संघका उपाध्यक्ष अरुण बल, युवराज लामा, कोषाध्यक्ष अमृत लुङबा, महासचिब छवि सुवेदीलगायतको उपस्थिति थियो ।

मकवानपुरले सहलेस युवा क्लव सर्लाहीलाई हराउँदा मकवानपुरका लागि समिर तामाङ, अभिषेक लामा र सुजन गुरुङले एक-एक गोल गरेका थिए । प्रतियोगिताको विजेता मकवानपुर-११ ले २ लाख ५१ हजार रुपैयाँसहित ट्रफी पाएको थियो ।

# लागूऔषध दुर्व्यसनविरुद्ध सचेनता

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ हेटौंडा उपमहानगरपालिका-१९, बस्तीपुरस्थित निर्मल माध्यामिक विद्यालयमा लागूऔषध दुर्व्यसनीविरुद्ध सचेतनामुलक कार्यक्रम गरिएको छ ।



जिल्ला प्रहरी कार्यालय मकवानपुर र सामुदायिक प्रहरी सेवा केन्द्र थानाभन्ज्याङ मकवानपुरको संयुक्त आयोजनामा दुर्व्यसनीविरुद्ध सचेतनामुलक कार्यक्रम गरिएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्की, निर्मल माध्यामिक विद्यालयका प्रधानाध्यापक प्रमोद बिडारी, सामुदायिक सेवा केन्द्र थानाभन्ज्याङका सचिव कृष्णप्रसाद खनाल, रिकभरिङ नेपाल हेटौंडाका उपध्याक्ष निर्मल बिडारीलगायतले लागूऔषध दुर्व्यसनी, कानुनी व्यवस्था सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण दिएका थिए ।

'समुदाय प्रहरी साझेदारी कार्यक्रम'अन्तर्गत रिकभरिङ नेपाल हेटौंडाको सहकार्यमा भएको कार्यक्रममा सामुदायिक सेवा केन्द्र थानाभन्ज्याङका अध्यक्ष शालिकराम पुडासैनीको सभाध्यक्षतामा थियो । कार्यक्रममा निर्मल माध्यामिक विद्यालयका शिक्षक/शिक्षिका र विद्यार्थीहरुको उपस्थिति रहेको थियो । 'समुदाय प्रहरी साझेदारी कार्यक्रम'अन्तर्गत विभिन्न संघसंस्थासँग समन्वय गरेर लागूऔषधको दुर्व्यसनीविरुद्धको कार्यक्रम नियमित सञ्चालन गर्दै आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# कैलाशबाट गाँजासहित दुईजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ जिल्लाको कैलाश गाउँपालिका-४ कटुन्जेबाट लागूऔषध गाँजासहित दुइ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

गाँजा राखेको सुचनाको आधारमा पुगेको प्रहरीले कटुन्जे-४ का ३८ वर्षीय उत्तम रिजालको घरबाट ६ बोरा १ सय ८४ किलो १ सय ग्रामसहित नगद ५५ हजार ३ सय ६५ रुपैयाँ र ४२ वर्षीय राधाकृष्ण रिजालको घरबाट १२ बोरा ३ सय २७ किलो ८ सय ग्राम गाँजा फेला पारेको हो । पक्राउ परेका दुबै जनाको गरी प्रहरीले एकै पटक ५ सय ११ केजी गाँजा बरामद गरेको मकवानपुरका प्रहरी नायब उपरिक्षक टेकबहादुर कार्कीले जानकारी दिए । अवैध गाँजा कारोबार आरोप लागेका दुवै जनालाई पक्राउ गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

जिल्लाको राक्सिराङ र कैलाश गाउँपालिकामा गाँजा तथा अफिम फडानी धेरै हुने गरेको छ । जसकारण प्रहरी हिरासत र भीमफेदी कारागारमा यी दुई पालिकाको धेरै युवा तथा वृद्ध कैद भुक्तान गरिरहेका छन् । मकवानपुर प्रहरीले उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका-७ का वडा अध्यक्ष शिवराज थिङसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको थियो । प्रहरीले वडा अध्यक्षसहित स्थानीय भीमलाल थिङ र इन्द्रबहादुर थिङलाई उनीहरुको घरबाटै २ सय २ केजी लागूऔषध गाँजासहित पक्राउ गरेको थियो ।

# चित्लाङ-थानकोट सडक रातभर बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिकालाई संघीय राजधानी काठमाडौंबाट जोड्ने चित्लाङ-थानकोट सडक रातभर बन्द हुने भएको छ ।

बढ्दो सवारी चापका कारण जीर्ण बनेको गणेशमान सिंह मार्ग (चित्लाङ-थानकोट सडक) आव २१ वैशाखदेखि बेलुकी ८ बजेबाट भोलीपल्ट बिहान अर्थात २२ वैशाख ६ बजेसम्मका लागि बन्द गरिने भएको छ । सडक खण्डको पानीघाट-ठुलोचौर तल्लो मोडसम्म खाल्डाखुल्डी पुर्ने, नाली सफा गर्ने र ठाँउठाउँमा ब्रेकरसमेत प्रयोग गरी मर्मत गर्न आज बिहीवारबाट अर्को सुचना नभएसम्म राती ८ वजे देखि विहान ६ वजेसम्म सम्पुर्ण सवारी आवागमन बन्द रहने सो सडक सरोकार समाजले जनाएको छ । काठमाडौंबाट हेटौंडा पुग्ने अन्य सडक मर्मतका लागि बन्द गरिंदा यस सडकमा सवारी चाप बढ्दो छ ।

# चोर बाटो प्रयोग गरेर बढाइयो डाक्टरको शुल्क

काठमाडौं/चिकित्सकहरूले निजी अस्पतालहरूसँग मिलेर शनिबार (१६ वैशाखमा) निर्णय गरे-आगामी जेठ १ गतेदेखि लागू हुने गरी ओपीडी शुल्क बढाउने ।

नेपाल चिकित्सक संघ र एशोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन) को निर्णय अनुसार डाक्टरहरूले आफ्नो तह र अनुभवका आधारमा निजी अस्पताल वा क्लिनिकमा बिरामी जाँच शुल्क भनेर न्यूनतम ४२० देखि ९२० रुपैयाँसम्म लिन पाउने छन् ।

यसमा निजी अस्पतालहरूले आफ्नो स्तर र सेवा अनुसार २० प्रतिशतसम्म बढाएर शुल्क लिन पनि पाउँछन् । अर्थात् ओपीडी शुल्क ११०० रुपैयाँसम्म पर्न सक्छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने मूल्यवृद्धि (मुद्रास्फीती दर)का आधारमा शुल्क निर्धारण गरिएको चिकित्सक संघको तर्क छ। सरकारले सिफारिश गरेको आधारमा ओपीडी शुल्क तोकेको र यो मूल्यवृद्धि अनुसार कमै भएको भन्दै अध्यक्ष डा. कार्की भन्छन्, 'मूल्यवृद्धि कहाँदेखि कहाँ पुगिसक्यो, हामीले दशौं वर्ष पहिलेकै शुल्क लिनुपर्ने ?'

जनस्वास्थ्यविद्हरू भने यो तर्कमा सहमत छैनन् । उनीहरूका अनुसार यो शुल्क धेरै हो ।

'यो रकम सेवामुखी भन्दा बढी व्यापारमुखी देखियो' जनस्वास्थ्यविद् डा. बाबुराम मरासिनी भन्छन्, 'आम जनताले सेवा लिन सक्ने गरी शुल्क निर्धारण गर्नुपर्छ ।'

स्वास्थ्य मन्त्रालयका पूर्वप्रमुख विशेषज्ञ डा. सुशीलनाथ प्याकुरेल पनि राष्ट्र बैंकले हरेक वर्ष सार्वजनिक गर्ने मूल्यवृद्धिको आधार जनताले ओपीडी शुल्क तिर्न नसक्ने बताउँछन् । उनी भन्छन्, 'चिकित्सक संघ र अफिनले मनलाग्दी गर्छन् । त्यसलाई रोक्ने निकाय स्वास्थ्य मन्त्रालय मूकदर्शक हुन भएन।'

**राज्यमन्त्री श्रेष्ठको गलत निर्णय**

मन्त्रालयका अधिकारीहरूका अनुसार २०७१ सालमा डाक्टरहरूसँग सम्झौता भएको थियो, प्रत्येक दुई वर्षमा शुल्क पुनरावलोकन हेरफेर हुने। त्यसबेला डाक्टरले एक जना बिरामी जाँचेबापत बढीमा ४२५ रुपैयाँसम्म लिन पाउँथे ।

तर सहमति अनुसार शुल्क पुनरावलोकन भएन । २०७६ मा डा. लोचन कार्की अध्यक्ष निर्वाचित भएपछि चिकित्सक संघले सरकारले शुल्क पुनरावलोकन नगरे आफैं शुल्क बढाएर लागू गर्ने चेतावनी दियो । मन्त्रालयले संवाद थाल्यो र १ महिनाभित्र समायोजन गरेर नयाँ शुल्क लागू गर्ने सहमति भयो ।

तर सहमति अनुसार शुल्क समायोजन भएन । र, फागुन ४ गते चिकित्सक संघका प्रतिनिधि र निजी स्वास्थ्य संस्थाका प्रमुखहरूको बैठकले शुल्क बनाउने निर्णय गऱ्यो । त्यसबेला चिकित्सकको न्यूनतम शूल्क ३७० देखि ८२५ रुपैयाँसम्म तोकिएको थियो ।

स्वास्थ्य मन्त्रालयले यो निर्णयमा सहमति दिएन । तत्कालीन स्वास्थ्य मन्त्री फदयेश त्रिपाठीले यो ओपीडी शुल्क महँगो भएको भन्दै कुनै पनि हालतमा लागू हुन नदिने अडान लिए । 'उहाँहरूलाई शुल्क निर्धारण गर्ने अधिकार छैन । जोसँग अख्तियारी छ उसैले गर्ने हो, भीड वा एउटा समूहले गर्ने काम होइन' उनको अडान थियो-'जनताले तिर्न नसक्ने शुल्क कुनै हालतमा लागू गर्न दिन्नँ।'

तर चिकित्सक संघ र अफिन आफ्नै हिसाबले चले । स्वास्थ्य मन्त्रालयले पनि ओपीडी शुल्क बढी लिने निजी अस्पताल र चिकित्सकलाई कारबाही गरेन ।

२०७७ मा स्वास्थ्य संस्था संचालन मापदण्ड आयो, जसले स्वास्थ्य सम्बन्धी सेवाको शुल्क निर्धारण गर्न स्वास्थ्य सचिवको अध्यक्षतामा ७ सदस्यीय समिति रहने व्यवस्था गरेको छ । सो समितिमा मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख, स्वास्थ्य सेवा विभागका महानिर्देशक, औषधि व्यवस्था विभागका महानिर्देशक, अफिन अध्यक्ष र उपभोक्ता महासंघको प्रतिनिधि सदस्य रहने छन् भने उपचारात्मक सेवा महाशाखाका प्रमुख सदस्य सचिव ।

तर यो समितिको साटो चिकित्सक संघले अफिनसँग मिलेर आफैं शुल्क निर्धारण गरेको छ । चिकित्सक संघका अध्यक्ष डा. अनिल कार्की भन्छन्, '२०७७ भदौ १३ मा स्वास्थ्य राज्यमन्त्रीले दिएको अधिकारलाई नै टेकेर शुल्क बढाएका हौं ।'

तत्कालीन स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठले चिकित्सकको परामर्श शुल्क तोक्ने स्वास्थ्य सचिवको अधिकार नेपाल चिकित्सक संघका अध्यक्षलाई दिएका हुन् ।

राज्यमन्त्री श्रेष्ठको निर्णयका आधारमा स्वास्थ्य मन्त्रालयले चिकित्सक संघका अध्यक्षलाई सम्बोधन गर्दै ३० भदौ २०७८ मा लेखेको पत्रमा भनिएको छ' 'मिति २०७८-५-१३ को माननीय राज्यमन्त्रीस्तरीय निर्णय अनुसार नेपाल चिकित्सक संघको मिति २०७८-५-३ गतेको पत्रअनुसार सहमति दिने सम्बन्धमा मन्त्रालयबाट ओपीडी शुल्क पुनरावलोकन तथा निर्धारण नहुन्जेलसम्म ओपीडी सेवा शुल्क नेपाल चिकित्सक संघले वैज्ञानिक तथा सरोकारवाला निकायको परामर्शको आधारमा तोक्न सकिने व्यहोरा अवगत गर्दछु।'

चिकित्सक संघले ३ भदौ २०७८ मा चिकित्सकको ओपीडी शुल्क पुनरावलोकन तथा निर्धारण गर्न सो अधिकार आफैंलाई दिन मन्त्रालयलाई पत्राचार गरेको थियो ।

सोही पत्रका आधारमा राज्यमन्त्री श्रेष्ठले १३ भदौमा निर्णय गरे । २८ भदौमा स्वास्थ्य सेवा शुल्क निर्धारण गर्ने स्वास्थ्य संस्था संचालन मापदण्ड-२०७७ को पहिलो संशोधन भयो, जसमा सेवा शुल्क निर्धारण समिति कायमै छ । तर दुई दिनपछि ३० भदौमा मन्त्रालयबाट चिकित्सक संघलाई पत्र गयो, जसमा ओपीडी शुल्क तोक्ने अधिकार चिकित्सक संघलाई दिइएको उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# बजेटको मुखमा फेरिए अर्थसचिव, आए अर्जुन पोखरेल

काठमाडौं/सरकारले अर्थ मन्त्रालयमा नयाँ सचिव ल्याएको छ । आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट आउन एक महिना पनि बाँकी नरहेको अवस्थामा सरकारले तोयाम रायालाई हटाएर अर्जुनप्रसाद पोखरेललाई अर्थसचिवका रुपमा ल्याएको छ ।

पोखरेल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्रुको कार्यालयमा कार्यरत थिए । ३ वर्षअघि सचिव भएका पोखरेल २०५१ सालमा हुलाक अधिकृतका रुपमा सरकारी सेवमा प्रवेश गरेका थिए । २०६१ सालमा उपसचिव भएका पोखेरल २०६७ सालमा सहसचिव बनेका थिए । उनी आकर्षक विभाग र कार्यालयहरुमा पुग्ने सरकारी अधिकारीका रुपमा परिचित छन् ।

अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, विमानस्थल भन्सार, सम्पत्ति शुद्धीकरण विभाग लगायतका निकायमा बसेर उनले कार्य अनुभव हासिल गरिसकेका छन् । उनले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सचिवका रुपमा समेत काम गरेका छन् ।

आगामी १५ जेठमा संसदमा पेश हुने बजेट निर्माणको नेतृत्व अब अर्थ सचिवका रुपमा पोखरेलले गर्नेछन् । अर्थ मन्त्रालयका अधिकारीहरु भने बजेटको मुखमै अर्थसचिव फेरिंदा बजेट निर्माणमा प्रभाव पर्ने बताउँछन् । 'नयाँ सचिव ल्याउने भए अलि अघि नै निर्णय गरेको भए हुन्थ्यो,' मन्त्रालयका एक सहसचिवले भने, 'यस्तो चापको बेलामा सचिवज्यूलाई आगामी वर्षको बजेट निर्माणको मार्गदर्शन बुझाउनै समय र मिहिनेत लाग्ने भयो ।' यसअघि अर्थ मन्त्रालयको प्रवक्ता समेत भइसकेका पोखरेलको निर्णय क्षमतामाथि भने मन्त्रालयभित्रै संशय छ ।

**अरू क-कसको भयो सरुवा ?**

अर्थसचिव तोयम रायलाई उपराष्ट्रपति कार्यालयमा सरुवा गरिएको छ । यस्तै राष्ट्रपति कार्यालयमा रहेका सचिव यादव कोइरालालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सरुवा गरिएको छ । उनको ठाँउमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिव डिल्लीराम शर्मा सरुवा भएका छन् ।

प्रधानमन्त्री कार्यालयमा रहेका सुमन अर्याललाई महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# हेटौंडा बसपार्कबाट ४ बालश्रमिकको उद्धार

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ हेटौंडा उपमहानगरपालिका-१० नम्बर वडास्थित बसपार्क क्षेत्रबाट बालश्रममा प्रयोग भइरहेका ४ जना बालबालिकाको उद्धार गरिएको छ ।

बालमैत्री घोषणाको तयारीमा रहेको उपमहानगरले बुधवार बसपार्कका होटलबाट कानुनविपरित श्रममा लागिरहेका बालबालिकाहरुको उद्धार गरेको हो । उपमहानगरको महिला तथा बालबालिका विकास महाशाखाले नगर क्षेत्रमा रहेका बालश्रमिकहरुको प्रारम्भिक तथ्यांक संकलन गरेपछि बुधवारबाट उद्धार तथा परिवारमा पुन:स्थापनाको कदम चालेको हो ।

कैलाश गाउँपालिका घर भई विगत १० महिनादेखि बसपार्कस्थित डाँफे होटलमा काम गरिरहेका १५ वर्षीय बालकको उद्धार गरिएको छ । बलराम छिसिङ र दुर्गा छिसिङ दम्पतीका छोरा ती बालकले कक्षा-५ मा पढेर छोडेको उद्धारमा संलग्न सिबिन बालहेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले जानकारी दिए ।

डाँफे होटलबाटै भीमफेदी गाउँपालिका-६, माण्डु घर भएकी १५ वर्षीया बालिकाको उद्धार गरिएको छ । सर्पाकको धादिङ होटल एण्ड लजमा कार्यरत् धादिङको रोराङ गाउँपालिका घर भएकी १३ वर्षीया बालिकाको पनि उद्धार गरिएको सिबिनका ज्ञवालीले जानकारी दिए । गण्डकी होटल एण्ड लजबाट भीमफेदी-५ सुपिङ घर भएकी १५ वर्षीया बालिकाको पनि उद्धार गरिएको छ । ४ कक्षा पढेर छोडेकी ती बालिका होटलमा १ महिनादेखि काममा लागेको अनुगमन टोलीले जनाएको छ ।

हेटौंडा उपमहानगर पालिकाको बालअधिकार समिति अर्न्तगत बालश्रम अनुगमन उपसमितिका सदस्य, जिल्ला प्रहरी कार्यालयकी निरीक्षक चुडाकुमारी खड्का, श्रम कार्यालयका भीम शर्मा, बाल हेल्पलाइनका झविन्द्र ज्ञवाली, नगर बालमैत्री सहजकर्ता, सिएससी नेपालका कल्याणी बस्नेत, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, १० नम्बर वडाका जनप्रतिनिधि, महिला तथा बालबालिका सरोकार केन्द्र र टाइनी हेन्सका प्रतिनिधि सम्मिलित अनुगमन टोलीले बालश्रमिकको उद्धारसँगै नगर क्षेत्रमा अनुगमन पनि गरेको छ ।

अनुगमन टोलीले मुन लाइट गेष्ट हाउस, बाइपास राम मन्दिर नजिकको महालक्ष्मी इन्जिनियर वर्कसप, दिपक अटो वर्कसपमा बालश्रम बारे निरीक्षण गरेको थियो । जसमा मनलाइन गेष्ट हाउसमा एक हप्ता अगाडि बालश्रम प्रयोग भइरहेको र हाल बालश्रम नरहेको पाइएको ज्ञवालीले जानकारी दिए । महालक्ष्मी इन्जिनियर वर्कसपमा सल्यान जिल्लाको करिब १६ वर्षीय बालक श्रममा भेटिएको तर, जन्मदर्ता नभएकाले उमेर यकिन गर्न कठिन, उमेर यकिन हुने कागजात पेश गर्न एक हप्ताको समय दिइएको ज्ञवालीले बताए ।

दिपक अटो वर्कसपमा बालश्रम रहेको फेला परेको छ । अनुगमन टोलीका अनुसार बालबालिकाहरु हाल बालहेल्पलाइन १०९८ को संरक्षणमा रहेका छुन । उद्धार भएका बालबालिकाको उमेर, काम गरेको समय, उपलब्ध तलब, बालबालिका माथि दुर्व्यबहार तथा शोषण भए-नभएको परामर्श पश्चात जरिवान, क्षतिपुर्ति, बाँकी रहेको तलवको बारेमा पछि निर्णय हुने र बालबालिकाहरुलाई सम्बन्धित अभिभावक झिकाएर पुन:स्थापना गरिने भएको छ । बालश्रमिक उद्धारको कार्य जारी राख्ने उपमहानगरको महिला तथा बालबालिका विकास महाशाखाले जानकारी दिएको छ । नगरभित्र ६३ जना बालश्रमिक रहेको प्रारम्भिक तथ्यांक छ ।

पहिलो चरण १९ वटै वडामा प्रारम्भिक तथ्यांक संकलन गर्दा ६३ जना बालबालिकामा श्रममा भेटिएको उपमहानगरपालिको महिला तथा बालबालिका विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले जानकारी दिइन् । सबैभन्दा बढी बालश्रमिक वडा नम्बर ४ मा ९ जना रहेका छन् । ४ नम्बर वडाभित्र होटल तथा रेष्टुरेन्ट र वर्कशप पनि धेरै रहेका छन् । उपमहानगरको प्रारम्भिक तथ्यांक अनुसार वडा नम्बर-६, १२ र १६ मा भने बालश्रमिक नभेटिएको प्रमुख लामिछानेले जानकारी दिइन् । बालश्रमिकहरुमा बालक ५५ जना र बालिका ८ जना रहेको उनको भनाई छ । कानुनत: १८ वर्षमूनिका बालबालिकालाई श्रममा लगाउन पाईँदैन् । तर, हेटौंडाका होटल तथा वर्कशपहरुले कानुनको धज्जी उडाउँदै बालश्रम प्रयोग गर्दै आइरहेका छन् ।

उपमहानगरको प्रारम्भिक तथ्यांकअनुसार ६३ जना बाल श्रमिकमा १७ वर्षका १४ जना, १६ वर्षका १३ जना, १५ वर्षका १५ जना, १४ वर्षका १३ जना, १३ वर्षका ५ जना र १२ वर्षका ३ जना छन् । उनीहरुमध्ये मकवानपुरका ३३ जना, बाहिर जिल्ला २२ र छिमेकी राष्ट्र भारतका ७ जना र एकजनाका विवरण नखुलेको बालश्रमिकहरु भेटिएको महिला तथा बालबालिका विकास महाशाखा प्रमुख लामिछानेले जानकारी दिएकी छन् । तथ्यांकअनुसार मोटर ग्यारेज वर्कशपमा काम गर्ने बालश्रमिकहरु २२ जना, रेष्टुरेन्ट, होटल र ब्याङ्कटेस १२, यातायात क्षेत्रमा १२, निर्माण ढुवानीमा ७ जना, घरायसी काममा तीन जना, कवाडी र फ्याक्ट्रीमा २/२ जना र अन्यमा ३ जना रहेको पाइएको छ ।

# बालमैत्री संरक्षक शिक्षकसँग अभिमुखिकरण

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ आगामी मंसिर मसान्तसम्म हेटौंडा उपमहानगरपालिकालाई बलमैत्री स्थानयि शासन कार्यान्वयका क्रममा बालमैत्री संरक्षक शिक्षकहरुसँग अभिमुखिकरण गरेको छ ।

केन्द्रीय सरकारले आगामी २०८७ सम्म राष्ट्रलाई बालमैत्री शासन घोषणाको तयारीसँगै उपमहानगरले पनि घोषणाको तीव्र तयारी थालेको हो । तयारी अनुसार उपमहानगरको आयोजनामा बुधवार बालमैत्री संरक्षक शिक्षकहरुका लागि बालमैत्री स्थानिय शासन सम्बन्धि अभिमुखिकरण भएको हो । सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुसँगको कार्यक्रममा उनीहरुले विद्यालय तहमा भएका क्रियाकलापको बारेमा जानकारी गराएका थिए । सहभागी शिक्षकहरुले बाल समुह गठन गर्दै बाल बचतको काम थालेको समुदायमा बालश्रम सम्बन्धी सचेतनासहितको काम गरेको जानकारी गराएका थिए ।

अभिमुखिकरणमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक ५१ वटा सुचकको बारेमा जानकारी गराइएको थियो । कार्यक्रमको सहजीकरण गर्दै महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले उपमहानगर पालिकाले लिएको लक्ष्य कार्यान्वयनको चरणमा लैजानका लागि आफ्नो तर्फबाट भुमिका निर्वाह गर्न सबैलाई आवह्न गरिन् । उनले मानवीय बिकास बीना भौतिक बिकासको आवश्यकता महशुस नहुने भन्दै अहिले उपमहानगरले बोकेको लक्ष्य बालमैत्री शासन युक्त पालिका भएको बताइन् ।

कार्यक्रममा उपमहानगर पालिकाको पुर्वाधार विकास तथा योजना महाशाखा प्रमुख सत्यनारायण शाह, शिक्षा शाखा प्रमुख रामचन्द्र खड्कासहित सामुदायिक र संस्थागत विद्यालयका बालमैत्री संरक्षक शिक्षकहरुको सहभागिता थियो ।


## कर्मचारी आवश्यकता

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

**D Pharma** - २ जना
**B Pharma** - २ जना

**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७००९


# हेटौंडामा विराट ज्ञान महायज्ञ सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २० वैशाख/ हेटौंडामा पञ्चवर्षीय विराट ज्ञान महायज्ञको बुधबारबाट सुरु भएको छ । १ वैशाखदेखि ६ दिनसम्म गर्ने भनिएको महायज्ञ २० वैशाखबाट सुरु भएको हो ।



महायज्ञको पहिलो दिन कलश यात्रापछि महायज्ञको सुरुवात गरिएको गोरक्षेश्वर विकास समितिका अध्यक्ष एवम् संरक्षक अजयराज सुमार्गीले जानकारी दिए । हरेक ५ वर्षको अन्तरालमा बैशाख १ गते नयाँ वर्षबाट महायज्ञ यसअघि २०६० साल २०६५ साल २०७० साल २०७५ सालमा आयोजना गरिएको थियो । महायज्ञ शुभारम्भ समारोहमा बोल्दै पूर्वप्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीले विराट् महायज्ञ मौलिकता संरक्षणतर्फको सर्वोत्तम कार्य भएको टिप्पणी गरे । हाम्रो देशको मौलिक्ता संरक्षण गर्नका लागि आवश्यक परे संविधान संशोधन गर्न पनि ठूला दल तयार हुनुपर्ने उनले बताए । 'संविधानलाई संशोधन गरेन भने कुरुप हुन्छ, मौलिकता संरक्षणका लागि आवश्यक पऱ्यो भने संविधान संशोधन पनि गर्नुपर्छ', पराजुलीले भने ।

कार्यक्रमका राप्रपा प्रवक्ता एवं सांसद ज्ञानेन्द्र शाहीले आफूहरु नेपाललाई बौद्धिक धर्मसहितको धार्मिक राष्ट्र बनाउन कम्मर कसेर लागेको उल्लेख गर्दै सबैलाई साथ दिन अपिल गरे । यस्तै मकवानपुर-१ बाट निर्वाचित राप्रपाका संघीय सांसद दिपकबहादुर सिंहले धर्म, परम्परा, संस्कार र रितिरिवाजलाई बेवास्ता गरेर कुनैपनि मुलुक अघि बढ्न नसक्ने धारणा राखे । उनले धर्मसंस्कृतिको रक्षा गर्नु सबैको दायित्व भएको उल्लेख गरे । राष्ट्रियसभाका पूर्वसदस्य रामनारायण बिडारीले राजनीतिभन्दा धर्मको क्षेत्र फराकिलो हुने तर्क गरे । महायज्ञ मूल आयोजक समितिका संयोजक अजेयराज सुमार्गीले धार्मिक र अध्यात्मिक जागरणका लागि पञ्चवर्षीय महायज्ञ आयोजना गरिएको बताए ।

महायज्ञमा पितृको सम्झनामा करोडौं दीप प्रज्वलन गर्नुका साथै महाआरती एवं महिलाबीच मात्रै गीता वाचन प्रतियोगिता पनि गरिनेछ । महायज्ञ अनन्त श्रीविभुषित स्वामी कमलनयनाचार्यको प्रमुख संरक्षकत्व र वैदिक दर्शनका व्याख्याता अग्निहोत्री डा.सीताराम खनालको अभिभावकत्वमा सञ्चालन हुने महायज्ञमा करपात्री स्वामी कृष्ण प्रपन्नाचार्यबाट भक्तिसंगीतमय श्रीमद्भागवत कथा प्रवचन हुनेछ । महायज्ञमा विभिन्न धर्म संस्कृतिका आचार्य गुरुहरु, सामाजिक व्यक्तिहरु एनआरएनसँग सम्बन्धित राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यक्तिहरु, समाजसेवी, बुद्धिजीवी, प्राध्यापक, शिक्षक, उद्योगपति, व्यवसायीलगायत नेपालका अन्य जिल्लाबाट समेत विशिष्ट व्यक्तिहरुको सामुहिक उपस्थिति रहने सुमार्गीले जानकारी दिए ।

महायज्ञ हेटौंडा-१० गोरक्षेश्वर क्षेत्र विकास समिति परिसरमा २६ वैशाखसम्म आयोजना हुनेछ । बुधबारको खैजडी भजन, डाण्गिया नृत्य, झाँकीसहित अभुतपुर्व अलौकिक शान्तिशोभा कलशयात्रा गरिएको थियो । बैशाख २१ गते बिहान ५ बजे वेदध्वनि, विष्णुसहस्रनाम पाठ, होमहोमादी, विश्वस्तुति, ८ बजे मण्डव पुजन तथा पाठ पाठपारायण, १२ बजे सामुहिक भोजन, १ बजेदेखि ४ बजेसम्म भक्तिसंगीतमय भागवत कथा प्रवचन, महाआरती, ५ बजेदेखि खैंजेडी भजन प्रतियोगिता, ६ बजेदेखि ८ बजेसम्म भजन कीर्तन हुनेछ ।

बैशाख २२ गते तेश्रो दिन बिहान ५ बजे वेदध्वनि, विष्णुसहस्रहनाम पाठ, शिवस्तुति, ८ बजे मण्डप पुजन तथा पाठपारायण, १२ बजे सामुहिक भोजन, १ बजेदेखि ४ बजेसम्म भक्तिसंगीतमय भागवत कथा प्रवचन, ४ बजेदेखि ५ बजेसम्म खैंजडी भजन प्रतियोगिता, ६ बजेदेखि ८ बजेसम्म भजन किर्तन हुने जनाएको छ । बैशाख २३ गते बिहान सबैकार्य पुर्ववत दिवकार्य पुर्ववत् अपरान्ह ३ बजे विश्वशान्तिको कामना सहित बाजागाजाका साथ नगरपरिक्रमा बुद्धचोक हेडम्बीचोक, मानसचोक, संगमचोक, कान्तिराजपथ हुँदै शीतल महलचोक, मेनरोड भुटनदेवी चोक हुँदै अखण्ड हरिकिर्तन चोकमा दीप प्रज्वलन साँझको कार्यक्रम गरिने कार्यतालिका रहेको छ ।

त्यसैगरी, बैशाख २४ गते बिहान ५ बजे वेदध्वनि, विष्णुसहस्रनाम पाठ, शिववस्तुति, ८ बजे ब्रतवन्ध कार्यक्रम तथा पाठपारायण, १२ बजे सामूहिक भोजन, १ बजेदेखि ४ बजेसम्म भक्तिसंगीतमय भागवत कथा प्रवचन, ४ बजेदेखि ५ बजेसम्म वैदिक प्रवचन, महाआरती, ५ बजेदेखि खैंजेडी भजन प्रतियोगिता, ६ बजेदेखि ८ बजेसम्म भजनकिर्तन हुने जनाएको छ । बैशाख २५ गते बिहान ५ बजे वेदध्वदिन, विष्णुसहस्रनाम पाठ, शिवस्तुति, ८ बजे मण्डप पुजन तथा पाठपाराण, १२ बजे सामुहिक भोजन, १ बजेदेखि ४ बजेसम्म भक्तिसंगीतमय भागवत कथा प्रवचन, ४ बजेदेखि ५ बजेसम्म वैदिक प्रवचन, साँझ ६ बजे राप्तीतटमा सवा ५ बजे दीपप्रज्वलन हुनेछ भने महायज्ञको अन्तिम दिन बैशाख २६ गते बिहान ७ बजे कथावाचन, ११ बजे तिलार्चना, पुर्णाहुति, समापन कार्यक्रम, पुरस्कार वितरण सामुहिक भोजनसहित विदाई कार्यक्रम हुने आयोजक समितिका महासचिव ह्याग्रीव आचार्यले जानकारी दिए ।


## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५



"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**

सम्पर्क नं. :
९८४५५३९५६३, ९८१५२२४३४३



## कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राइ क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२



साझाकुरा पत्रिका खोजी खोजी पढौं ।
साझाकुरा



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय

## हेटौंडा अस्पताल

बागमती प्रदेश, हेटौंडा

*अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने महानुभावहरुलाई स्वागत छ ।*

### हेटौडा अस्पतालमा पाउने सेवा सुविधा

**सेवाहरु**

- हाडजोर्नी विषेशज्ञ सेवा
- बालरोग सेवा
- प्रसुति सेवा
- दन्त सेवा
- फिजिसियन सेवा
- नाक, कान, घाँटी सेवा
- शल्यक्रीया सेवा
- फिजियोथोरापी सेवा
- न्यूरो सेवा
- आयुर्वेद सेवा
- क्याविन सेवा
- छाला रोग सेवा

**विशेष सेवा**

- ICU, HDU
- Dialysis
- General Lab (PCR lab)
- Endoscopy
- USG
- CT SCAN
- ECG
- ART सेवा
- OT/Post Op सेवा
- सर्जिकल वार्ड सेवा
- मेडिकल वार्ड सेवा
- सामाजिक सेवा ईकाई
- OCMC सेवा
- जेरायट्रिक वार्ड सेवा
- MRI शिघ्र रुपमा सुचारु हुदै
- NICU/PICU शिघ्र रुपमा सुचारु हुदै

**टिकट खुल्ने समय** : बिहान ७ बजे देखि ११ बजे सम्म
**बिरामी पुर्जा काट्ने समय** : बिहान ७ बजे देखि ११ बजे सम्म

- Emergency काउन्टर २४ सै घण्टा
- फार्मेसी सेवा २४ सै घण्टा
- Online टिकट सेवा
- Emergency सेवा
- ओ.पि.डी खुल्ने समय
- बिहान १० बजे देखि ३ बजे सम्म
- शुक्रबार १० बजे देखि १ बजे सम्म
- खाजा/खाना खाने समय १ बजे देखि २ बजे सम्म

**OT DAY (अप्रेसन हुने बार)**

- हाडजोर्नी - आइतबार र बुधबार (OPD बन्द हुने छ ।)
- शल्यक्रिया - सोमबार र बिहिबार (OPD बन्द हुने छ ।)
- प्रसुति - मंगलबार र शुक्रबार (OPD सबै बार खुल्ला हुने छ ।)
- नाक, कान, घाँटी - आइतबार र बुधबार (OPD बन्द हुने छ ।)

**Administrative Department**

- खुल्ने समय आइतबार देखि बिहिबार बिहान १० बजे देखि ५ बजेसम्म
- शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म

फोन नं.: २००९७७-५७-५२३९७८, ५२०३०५
ईमेल : hospital.hetauda@gmail.com, info@hetaudahospital.gov.np,
वेवसाईट : http//:www.hetaudahospital.gov.np



## घडेरीहरु बिक्रीमा

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना